# नारफू गाउँपालिका आर्थिक ऐन २०७४

ऐनः-...१.

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः-२०७४/०३/२६

## नारफू गाउँपालिका

२०७४

# स्थानीय तहको आर्थिक ऐन २०७४

## नारफु गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः** नारफू गाउँपालिका आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नारफू गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ

२. (२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि नारफू गाउँ क्षेत्रमा लागू हुनेछ ।

३. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

४. भूमि कर (मालपोत) गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

५. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

६. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

गाउँपालिका अध्यक्ष

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

११. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

१२. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **सेवा शुल्क, दस्तुरः** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **पर्यटनशुल्कः** गाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिका तोके अनुसार हुने छ

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसुचि-१
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) कमोजिम
स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्शषको नाम | लाग्ने दस्तुर | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसुचि-२
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) कमोजिम
स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्शषको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १ | मालपोत असुलि प्रति रोपनि | २००००। | |
| २ | सम्पत्ति मुल्याङ्कंन सुल्क रु.१ लाख सम्मकोलागि प्रतिलाख रु.१०० र १ करोड मथि थप ५० प्रतिशत | १५०००। | |
| | | | |

अनुसुचि-३
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) कमोजिम
स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्शषको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १ | नेपालटेलिकम टावर | २२५००। | |

अनुसुचि-४
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) कमोजिम
स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्शषको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १ | होटेल र रेष्टुरेण्टको कर वार्षिक प्रत्ति १ होटेलबाट | १०००। | |
| | | | |
| | | | |

मिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष

अनुसुचि-५

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १ | फू र नार गाउँको यार्सागुम्बा संकलनको रकमको वार्षिक रु. | १०,००,०००। | |
| २ | काठको पुर्जि संकलन बाट वार्षिक रु. | ३००००। | |
| ३ | यार्सागुम्वा निकासि कर प्रतिकेजि | २००००। | |
| ४ | नार ढुङ्गा गिटि संकलन सुल्क | ३००००। | |
| ५ | फू ढुङ्गा गिटि संकलन सुल्क | २००००। | |
| ६ | नार गाउँको बालुवा संकलन | १००००। | |

अनुसुचि-६

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसुचि-७

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसुचि-८

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसुचि-९

(दफा २ सँग सम्बन्धी)

नेपालको संविधान धारा २२८ (२) बमोजिम

स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्षकको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

गाउँपालिका अध्यक्ष

अनुसुचि-१०
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) कमोजिम
स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्शषको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसुचि-११
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) कमोजिम
स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्शषको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| | | | |

अनुसुचि-१२
(दफा २ सँग सम्बन्धी)
नेपालको संविधान धारा २२८ (२) कमोजिम
स्थनियतह कर लगाउन सक्ने क्षेत्र

| क्र.स. | कर शिर्शषको नाम | वार्षिक असुलि अनुमानित | कैफियत |
|---|---|---|---|
| १ | ना खोला र था खोला विद्युत सुल्क | २००००। | |
| २ | व्यक्तिगत घटन दर्ता म्याद नाघेको | ५०। | |
| ३ | ढल निकास सेवा सुल्क प्रतिघर | २०। | |
| ४ | हातहत्तियार नविकरण सुल्क १ हत्तियार बराबर | १०००। | |
| ५ | मुचुल्का गरेको प्रति मुचुल्का | ५००। | |

छिङमा छिरिङ लामा
गाउँपालिका अध्यक्ष